
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १६ गते आइतबार ❑ 28 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## डढेलो लगाउनेलाई जन्मकैद हुनुपर्छः मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले डढेलो लगाउनेलाई कडा कारवाही गर्ने खालको ऐन आवश्यक परेको बताउनुभएको छ।



शनिबार पोखरामा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशले आयोजना गरेको नीति निर्माणकर्ताहरुसँग वन नीतिमा छलफल कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो । जानेर वा नजानेर वन जंगलमा डढेलो लगाउँदा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विभिन्न समस्या देखिएको भन्दै उनीहरुलाई कारवाही गर्नको लागि संघीय ऐनमानै जन्मकैदको व्यवस्था गर्नुपर्ने मुख्यमन्त्री अधिकारीले बताउनुभयो। 'वनमा जानी वा नजानीकन डढेलो लगाउँदा त्यहाँका चराचुरुङ्गी मरेका छन्, बासस्थान खतम भएको छ, सिमसार सुकेका छन्, मूलहरु सुकेका छन्' उहाँले भन्नुभयो। डढेलोका कारण बाढी पहिरो लगायतको जोखिम समेत उतिकै बढदै गएकोमा उहाँको चिन्ता थियो । 'चैत्र बैशाखको खडेरीमा डढेलो लगाइदियो अनि पानी पर्छ, हाम्रो काँचो चट्टान छ, बाढी पहिरो जान्छ' उहाँले थप्नुभयो । केही अधिकारहरु संघबाट प्रदेशमा आइनपुगेका कारण समेत समस्या भएको उहाँको गुनासो थियो । संघीय ऐनमानै डढेलो लगाउनेलाई कडा कारवाही व्यवस्था गर्नसके डढेलोका कारण भएको क्षति तथा वातावरणीय प्रदुषण नियन्त्रण गर्न सहज हुने उहाँले सुनाउनुभयो । संघीयता सम्प्रभूताको विकेन्द्रीकरण भएपनि पाउनुपर्ने अधिकार संघबाट प्रदेशमा नआउँदा समेत समस्या परेको उहाँको भनाई छ । सामुदायिक वन उपभोक्ता महासंघले समेत डढेलो नियन्त्रण गर्ने विशेष कार्ययोजना बनाउदै समुदाय परिचालन गर्नुपर्नेमा उहाँको जोड थियो। 'सामुदायिक वनले डढेलो नियन्त्रण गर्ने विशेष कार्ययोजना बनाउनुपर्‍यो, साधन चाहियो भएन भनेर मात्र हुँदैन, समुदाय परिचालन गर्नुपर्छ' उहाँले भन्नुभयो । मुख्यमन्त्री अधिकारीले कुनै कुनै ठाउँमा सामुदायिक वनका उपभोक्ताले नै डढेलो लगाउने गरेको उहाँको दावी थियो । 'कोही-कोही ठाउँ यस्तो छ, उपभोक्ताहरुले नै डढेलो लगाइदिएको छ' उहाँको दावी थियो। सामुदायिक वन उपभोक्ताको हिसाबले तथा संरक्षणको हिसाबले, विश्वकै नमुना रहेको उहाँले सुनाउनुभयो । गण्डकी प्रदेशमा सामुहिक निष्कर्षमा पर्याप्त छलफल गरेर ऐन बनाएको भन्दैसमसामयिकविषयवस्तुअनुसार ऐनलाई अझै व्यवस्थित बनाउन सकिने बताउनुभयो। वन पैदावार पालिकाले वा उपभोक्ताले संरक्षण मात्र गर्नुपर्ने तर उपयोग गर्न नपाउने कारण समेत समुदायमा उत्तरदायित्वको भावना विकास हुन नसकेको हुन सक्ने भएकोले यसतर्फ सोच्नुपर्ने उहाँको भनाई थियो । 'वनको वन पैदावार संरक्षण मात्र गर्ने भन्छ, उपयोग गर्न पाउँदैन, पालिकाले नपाएपछि किन संरक्षण गर्छ, समुदायले पनि उपयोग र उपयोगिता हिस्सेदारी भएन भने किन संरक्षण गर्नुहुन्छ' उहाँले भन्नुभयो । अन्नपूर्ण संरक्षण आयोजना, मकालु संरक्षण आयोजना, राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष लगायतका आयोजनाहरु प्रदेशमा हस्तान्तरण हुनुपर्ने उहाँले बताउनुभयो। संघिय कुननको कुरा फेर्न नसकेपनि प्रदेशको वन ऐनमा केही न केही कुरा समावेश गरिएको दावी उहाँको थियो।

## पोखराको आकासमा तुवाँलो, हवाई उडान प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

हिजोआज पोखरा क्षेत्रको आकाशमा बाक्लो तुवाँलोका कारण भिजिबिलिटी कम हुदाँ हवाई उडान गर्न नसक्ने गरी उडान प्रभावित भएको छ।

केही दिनदेखि हवाई उडान प्रभावित हुदै आएको सन्दर्भमा शनिबार भने पोखरा क्षेत्रको हवाई उडान पूर्ण रुपमा प्रभावित भएको छ। शनिबार पोखरा काठमाण्डौं, भैरहवा पोखरा, भरतपुर पोखरा, पोखरा नेपालगन्जका सबै जसो उडानहरु रद्ध भएको एयरलायन्स कम्पनीहरुले जनाएका छन्। शनिबार मात्र बुद्ध एयर, यति एयरलायन्स, श्री एयरलायन्स गरी करिब ३५ वटा हवाई उडानहरु प्रभावित भएको कम्पनीले दाबी गरेका छन्। पोखराबाट हुने हवाई उडान शनिबार पूर्ण रुपमा प्रभावित भएको बुद्ध एयर कम्पनी पोखरा कार्यालयका स्टेशन म्यानेजर गौतम बरालले बताउनुभयो । उहाँका अनुसार शनिबार बुद्ध एयरका २१ वटा हवाई उडान रद्ध भएको छ भने शुक्रबार २० वटा उडान हुनुपर्नेमा २ वटा मात्र भएको थियो।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरण गर्न कम्तीमा ३५ सय देखि ३८ सय मिटरको भिजिविलिटी आवश्यक पर्छ भने पोखराको भिजिविलिटी २ हजार मिटर भन्दा कम रहेको स्टेशन म्यानेजर गौतमले बताउनु भयो। विहीबार बेलुका २ वटा हवाई उडान काठमाडौंबाट पोखरा गरेको बुद्ध एयरले शुक्रबार बिहान काठमाडौं पोखरा २ उडान गरेको थियो । त्यसै गरी यति एयरलायन्सको पनि शुक्रबार र शनिबारको हवाई उडानमा प्रभाप परेको यति एयरलायन्सका राम लामिछानेले बताउनुभयो । उहाँका अनुशान शुक्रबार १० वटा हवाई उडान मध्य एक मात्र भएको थियो भने शनिबार ११ वटा उडान रद्ध भएको छ। यति वेला पर्यटनको राम्रो सिजनको मौसम मानिन्छ । हाल पोखरा काठमाण्डौंको हवाई उडान गर्दा विदेशीको हकमा १ सय ५ अमेरिकी डलर नेपालीको हकमा भने ४ हजार ४ सय देखि अधिकत्तम ६ हजार ७ सय ८८ सम्म पर्ने गर्दछ।

पोखरा र काठमाडौं उपत्यकाको आकाशमा केही दिन देखि बाक्लो तुवाँलो लागि रहेको छ। धेरै ठाउँमा आगलागी हुनुले आकाशमा धुलोको कर्णहरु फैलिएको बताइन्छ । यसको लागि आकाशबाट पानी पर्नुपर्ने मौसमविदहरुले बताउदै आउनु भएको छ। चैत वैशाखमा विभिन्न खेत वारीमा तथा पाखामा आगो बढेलो लगाउने गर्दा सावधानि अपनाउन नसक्दा वन जंगलमा समेत ठुलो क्षती हुने गरेको छ।

## उपनिर्वाचन शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भयोः निर्वाचन आयोग

**रासस**
काठमाडौं, १५ बैशाख

निर्वाचन आयोगले इलाम र बझाङमा शान्तिपूर्ण र उत्साहजनकरूपमा उपनिर्वाचनसम्पन्न भएको जनाएको छ।

शनिबार बेलुका प्रेस विज्ञप्ति जारी गरी आयोगले उपनिर्वाचन २०८१ अन्तर्गत इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ र बझाङ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ (क) को मा शान्तिपूर्ण र उत्साहजनकरुपमा निर्वाचन सम्पन्न भएको जनाएको हो । आयोगले उपनिर्वाचन सम्पन्न गराउने कार्यमा भूमिका खेल्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निर्वाचमा सङ्लग्न कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल, मतदाता, पर्यवेक्षक, उम्मेदवारलगायत सबै क्षेत्र र समुदायप्रति आभारसहित धन्यवाद ज्ञापन गरेको छ । त्यसैगरी मतगणना कार्यमा समेत सबै सरोकारवालाको सकारात्क सहयोग हुने अपेक्षा गरेको पनि आयोगले जनाएको छ। आयोगका अनुसार हाल मतदानको विवरण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्यटन प्रवर्द्धनमा गण्डकी र मधेश प्रदेशबीच सहकार्य प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

पर्यटन क्षेत्रको विकासमा गण्डकी र मधेश प्रदेशबीच सहकार्यको प्रतिबद्धता व्यक्त गरिएको छ । मिथिला संस्कृति र गण्डक संस्कृतिबीच आ-आफ्नै विशेषतारहेकोलेदुवैप्रदेशबीचपर्यटन प्रवर्द्धनमा सरोकारवाला निकायका वक्ताले शनिबार बर्दिबासमा आयोजित कार्यक्रममा सो प्रतिबद्धता व्यक्त गरेका हुन्।



अन्तरप्रदेश पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रियाबारे तीनदिने कार्यक्रम लिएर मधेश प्रदेश गएको टेवान पोखराको स्वागतार्थ होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले आयोजना गरेको दिगो पर्यटनका लागि समान सहभागिता विषयक अन्तर्क्रियामा मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराई (समीर) ले निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अघि बढ्ने बताए।

नवनियुक्त मन्त्री भट्टराईले प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार रहेको जानकारी दिँदै विधेयक दर्तासँगै पर्यटन बोर्ड गठन गर्ने बताए । मधेश प्रदेशका ८ जिल्लामध्ये प्रत्येक जिल्लामा कम्तीमा एक ठाउँलाई पर्यटकीय क्षेत्र विकास गर्ने योजना रहेको उनले बताए। उनले पोखरा आएको पर्यटक कसरी मधेश ल्याउने तथा मधेश घुम्न आउने पर्यटक पोखरा कसरी पठाउने भन्नेबारे प्याकेज घोषणा गर्नुपर्छ भने । गण्डकी-मधेशबीच हवाई सेवा संचालन निरन्तरताका लागि छुटको व्यवस्था गरेर भए पनि चाँडै नै अघि बढाउनुपर्नेमा उनको भनाइ थियो । पर्यटक भित्राउन सरकारले के गर्नुपर्छ, त्यस्तो नीति बनाउन तयार रहेको उल्लेख गर्दै उनले निजी क्षेत्रले साथ दिनुपर्ने बताए । जानकी मन्दिर र अयोध्या संस्कृति जोड्न चाँडै नै जनकपुर-अयोध्या रेल संचालनको प्रोजेक्ट घोषणा हुने उनको सुनाए । मधेशका गृह, संचार तथा कानुन मन्त्री शारदादेवी थापाले तालैतालको सहर पोखरा झैं मठमन्दिरको सहर जनकपुरलाई पनि चिनाउनुपर्ने उनको भनाइ थियो । उनले बर्दिबासको राईमण्डलसहित विभिन्न क्षेत्रको पर्यटनको प्रचूर सम्भावना रहेको बताइन् । श्रम तथा यातायात मन्त्री बेची लुङ्गेलीले पर्यटन क्षेत्र विकासको मेरुदण्ड हो भनिन् । श्रमिकहरुलाई संगठित गरेर रोजगारी दिने क्षेत्र पर्यटन भएको र आयआर्जनको दिशामा अघि बढ्नुपर्नेमा जोड दिइन् । टेवानको सक्रियताप्रति प्रशंसा गर्दै उनले कोही न कोहीले यस्तैखालको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन् । टेवान अध्यक्ष कमला गिरीले पर्यटन विकासमा गण्डकी र मधेश प्रदेशबीच सहकार्य आवश्यक रहेको बताइन् । विगतमा पनि पोखरा-सिमरा तथा पोखरा-जनकपुर उडान भएकोमा पुनः निरन्तरतामा जोड दिइन् । पर्यटनमैत्री नीति नियम बनाउनुपर्ने भन्दै उनले आन्तरिक पर्यटन प्रवर्द्धन गरी यहाँको पैसा बाहिर जान रोक्नुपर्ने बताइन् । बर्दिबासमा पनि अन्तर्राष्ट्रिय सेमिनार, गोष्ठीको पहल गर्नुपर्ने उनको सुझाव दिँदै पर्यटन क्षेत्रमा प्रकृति, संस्कृति, पहुँच, सुविधा, विविध गतिविधि, विज्ञापन लगायतमा ध्यान दिनुपर्ने सुझाव दिइन् । नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश संरक्षक विजय झुनझुनवलाले मधेशमा पनि पर्यटन बोर्ड स्थापनाको जोड दिए।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश अध्यक्ष हिरालाल गौतमले मधेश प्रदेशका नाका खोल्नुपर्नेमा जोड दिए । बर्दिबासमा हतियार कारखानाको पुरातात्विक महत्व रहेको चर्चा गर्दै उनले पर्यटन क्षेत्रमा विनियोजित रकम खर्च गरेमात्रै धेरै काम हुन सक्ने विचार व्यक्त गरे । होटल संघ मधेश प्रदेश निकै सक्रिय रहेको उनको दाबी थियो।

नाट्टा मधेश प्रदेश अध्यक्ष एवं नेपाल होटल तथा पर्यटन व्यवसायी मधेशका निवर्तमान महासचिव मोहन शर्मा लामिछानेले मधेश र गण्डकी प्रदेशबीच विगतमा झैं सहकार्यको आवश्यक रहेको बताए । उनले गढिमाई भ्रमण वर्ष घोषणा गर्नुपर्ने बताए। कार्यक्रममा बर्दिबास उद्योग वाणिज्य संघ अध्यक्ष विष्णुबहादुर खड्का, समाजसेवी केदार कोइराला, पर्यटन व्यवसायी तवरेज आलम, पत्रकार विशाल बस्नेत, सागरराज तिमिल्सिना, विजय नेपाललगायतले मन्तव्य व्यक्त गरेका थिए । होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरी अध्यक्ष गुञ्जबहादुर कार्की (गोपाल) को अध्यक्षतामा भएको कार्यक्रममा स्वागत होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरी सदस्य विनोद भण्डारी र संचालन महासचिव नारायण घिमिरेले गरेका थिए। कार्यक्रममा मिथिला उद्योग वाणिज्य संघ अध्यक्ष सन्तोष साह, होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका संस्थापक अध्यक्ष दीपेन्द्र पराजुली, चन्द्रनिगाहापुर उद्योग वाणिज्य संघ अध्यक्ष उदयनारायण सापकोटा, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेशका महासचिव वैकुण्ठ सापकोटा, होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका निवर्तमान अध्यक्ष रेवन्त कार्की सुदीप, संगीतकार पूर्ण परियार, विभिन्न संघसंस्थाका प्रतिनिधि, टेवान पदाधिकारी एवं सदस्य लगायतको उपस्थिति थियो।

टेवान टोलीले विभिन्न आन्तरिक पर्यटन प्रवर्द्धनका लागि तीनदिने कार्यक्रमअन्तर्गत त्यस क्षेत्रका सरोकारवालासँग अन्तरक्रिया गरेको छ । टोलीले शुक्रबार वीरगञ्ज उद्योग वाणिज्य संघसँग अन्तर्क्रिया गरेको थियो । टोलीले वीरगञ्ज, बाराको गढीमाई मन्दिर, जनकपुरधाम, बर्दिबास, टुटेश्वर, पञ्चमाई मन्दिर, भरत ताल आसपासका धार्मिक एवं पर्यटकीय क्षेत्रको भ्रमण गरेको टेवान सचिव एवं कार्यक्रम संयोजक शोभा अधिकारी पौडेलले बताइन् । पोखराका पर्यटन व्यवसायी महिलाहरुको सक्रियता २०७४ सालमा टेवान स्थापना भएको हो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एसिया कपमा इजिप्टका इस्माइल र महिला तर्फ इजरायलकी इडालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

इजिप्टका सिफेल्डिन इस्माइल र महिलातर्फ इजरायलकी इडा हेनसदोतिरले पोखरामा शनिबार सम्पन्न भएको ७ औं संस्करणको एसिया कप ट्रायथलन प्रतियोगिताको उपाधि जित्नु भएको छ।

पोखराको फेवातालमा भएको ७ सय ५० मिटर पौडी, लेकसाइडको गौरीघाट देखि पार्दीसम्म भएको २० किलोमिटर साइक्लिङ र ५ किलोमिटर दौड को निर्धारित दुरी इस्माइलले ५६ मिनेट ४५ सेकेण्डमा पार गर्दै उपाधि जित्न सफल हुनु भएको हो। त्यसै गरी निर्धारित दुरी ५७ मिनेट २० सेकेण्डमा पार गर्दै अष्ट्रेलियाका ब्रुकलिन हेनरी दोश्रो र हेनरी भन्दा १० सेकेण्डले पछि पर्नु भएको जापानका मित्सुहो मोचीजुकी तेश्रो हुनु भयो । प्रतियोगितामा अस्ट्रेलियाका निक फ्रिसबी चौथो र जापानका युया कोवायासी पाचौं स्थानमा आउन सफल हुनु भयो। त्यसै गरी महिला तर्फको एसिया कप ट्रायथलनमा इजरायलकी इडा इडा हेनसदोतिरले १ घन्टा ६ सेकेण्डमा दुरी पार गरी उपाधि आफ्नो पोल्टामा पार्न सफल हुनु भयो । गाम्बियाकी मावमी लिजामाले १ घन्टा ४२ सेकेण्डमा दुरी पार गर्दै दोश्रो र उक्त दुरी १ घन्टा ४ मिनेट १८ सेकेण्डको समय पार गर्दै उज्बेकिस्तानकी एलिना खाकीमोभा तेस्रो हुनु भयो।प्रतियोगितामा इन्डोनेशियाकी मार्टिना चौथो जापानकी इकुमी सेटो पाचौं स्थानमा आउन सफल




हुनु भयो।

नेपाल ट्रायथलन संघको आयोजनामा शनिबार पोखरामा सम्पन्न भएको उक्त प्रतियोगिता अर्न्तगत दशौं सस्करणको साउथ एसिया ट्रायथलन च्याम्पियनसिपमा पुरुषतर्फ भारतका आदर्श मुरलीधरनले उपाधि जित्नु भएको छ । उहाँले १ घन्टा २ मिनेट ३ सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो। उक्त दुरी १ घण्टा ३ मिनेट २६ सेकेण्डमा पार गर्दै भारतकै कौशिक विनय दोस्रो हुनु भयो । प्रतियोगितामा नेपालका विपिन कटुवाल तेस्रो तथा प्रविन थारु पाचौं हुनु भएको छ। त्यसैगरी महिलातर्फ भारतकी मानसी मोहितीले उपाधि हात पार्न सफल हुनु भयो । उहाँले निर्धारित दुरी १ घन्टा ७ मिनेट ५१ सेकेण्डमा पार गर्नु भएको हो। नेपालकी श्रेवी मर्हजनले निर्धारित दुरी १ घन्टा ११ मिनेट ४५ सेकेण्डमा पार गर्दै दोश्रो हुनु भयो। १ घन्टा २१ मिनेट १३ सेकेण्डमा उक्त दुरी पार गर्दै नेपालकै शोभा बलामी तेश्रो हुनु भयो। एसियाकप ट्रायथलन अन्तर्गत पुरुषतर्फ ३८ र महिलातर्फ २४ खेलाडीहरुको सहभागिता रहेको नेपाल ट्रायथलन संघ गण्डकी प्रदेशका अध्यक्ष एवं व्यबस्थापन कमिटि पोखराका संयोजक डिल्लीराज सुवेदी (शिशिर) ले बताउनु भयो। प्रतियोगितामा नेपाल सहित १५ देशका अस्ट्रेलिया, युनाइटेड अरब इमिरेट्स, गाम्विया, प्लेस्टाइन, उरुग्ये, अस्ट्रिया, अल्जेरिया, न्यूजिल्याण्ड, लक्जम्वर्ग, जापान, भारत, मरिसस, काजाकास्तान, वंगालादेश, उज्बेकिस्तान लगायतका देशका खेलाडीले सहभागि हुनु भएको थियो।

त्यस्तै, उक्त प्रतियोगिताको सर्न्दभमा शनिबार भएको राष्ट्रिय ट्रायथलनमा विपिन कटुवाल प्रथम हुनु भएको छ। उहाँले १ घन्टा ५ मिनेट २५ सेकेण्डमा दुरी पार गर्नु भएको हो । उक्त दुरी १ घन्टा ६ मिनेट २० सेकेण्डमा पार गर्दै प्रविन थारु दोश्रो र १ घण्टा ७ मिनेट ४८ सेकेण्ड मा पार गर्दै मुकेश थारु तेश्रो हुनु भयो । प्रतियोगितामा योजु मर्हजन भने चौथो हुनु भयो। यसै गरी महिलातर्फ श्रेवी महर्जनले उपाधि जित्नु भयो । उहाँले १ घन्टा ११ मिनेट ४५ सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो । उक्त दुरी १ घण्टा २१ मिनेट १३ सेकेण्डमा पार गर्दै शोभा बलामी दोस्रो हुनु भयो। उक्त दुरी १ घण्टा २१ मिनेट ५७ सकेण्डमा पार गर्दै ज्ञानु कुमारी चौधरी तेश्रो हुनु भयो।

प्रतियोगितामा बिजेता खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब टंकलाल घिसिङ, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब श्रीधर शर्मा, नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठ, बरिष्ठ उपाध्यक्ष एवं गण्डकी प्रदेशका पूर्व सांसद दिपक कोइराला, उपाध्यक्ष सुमन देवकोटा, पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ लगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो। यस अघि प्रतियोगिताको उद्धाटन गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री खगराज अधिकारीले गर्नु भएको हो। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, वर्ल्ड ट्रायथलन संघकी अध्यक्ष मारिसोल कासाडो, महासचिव एन्टोनियो आरामानी लगायतको सहभागिता रहेको संघ कास्कीका अध्यक्ष प्रमेश पराजुलीले बताउनु भयो । उक्त प्रतियोगितालाई सफल पार्न राखेप, गण्डकी प्रदेश सरकार, पोखरा महानगपालिका, पोखरा पर्यटन परिषद, होटल संघ पोखरा नेपाल लगायतको सहयोग रहेको छ। यसैबिच, आइतबार ढ्वाथलन प्रतियोगिता हुने भएको छ।



फेवातालमा पौडी प्रतिस्पर्धा : नेपाल ट्रायथोलन संघको आयोजनामा पोखरामा शनिबार भएको एशिया कप ट्रायथोलन अन्तर्गत फेवातालमा पौडी प्रतिस्पर्धा गर्दै खेलाडीहरु। तस्बिर : कृष्ण दवाडी /रासस

# अक्षरयात्राको २१० औं श्रृङखला खास्टेताल किनारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

जीवन र जगतको यथार्थवोधका लागि अक्षरयात्रा भन्ने उद्घोषका साथ वि सं २०६२ साल असारदेखि निरन्तर सञ्चालन गर्दै आएको पर्यटकीय साहित्यिक कार्यक्रम अक्षरयात्राको २१० औं श्रृङखला खास्टेताल किनारमा सम्पन्न भएको छ ।

अक्षरयात्राका परिकल्पनाकार मध्येका एक स्वर्गीय प्रकट पंगेनी शिवप्रति सम्मान र सम्झना गर्दै अक्षरयात्राको २१० औं शृङखला पोखराको रमणीय स्थल खास्टेताल किनारमा रहेको जेष्ठी बाराही मन्दिर परिसरमा सम्पन्न भएको हो। पोखरा महानगरपालिका वडा नं २६ तथा खास्टेताल टोल विकाश संस्थाको स्थानीय व्यवस्थापन र गजलसन्ध्या पोखराका अध्यक्ष




मन क्षेत्रीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २६ का अध्यक्ष नरेन्द्र थापाले साहित्यिक मनहरुको उपस्थितिले तालको सुन्दरतामा अझै सुनमा सुगन्ध थपिएको महशुस गरेको वताए।

वडाध्यक्ष थापाले साहित्य समाजको ऐना भएकाले त्यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा समेत गरे। उनले स्वर्गीय प्रकट पंगेनी शिवप्रति सम्मान र सम्झना गर्दै निकट भविष्यमा वडाको सकृयता र गजल सन्ध्याको सहकार्यमा गजलसँग सम्बन्धित राष्ट्रियस्तरको कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा बोल्दै साहित्यकार तीर्थ श्रेष्ठले खाष्टेमा लगाईएको कमल फूलको संरक्षण गर्दै जेष्ठी बाराही मन्दिरका माध्यमले धार्मिक पर्यटनलाई बढाउन सकिने वताए।

साहित्यकार गणेश पौडेलले स्रष्टाहरुले देशको भाषा, संस्कृति र साहित्यको संरक्षण एवम् विकाशका लागि बिभिन्न ठाउँमा गइ कार्यक्रम गर्नु प्रशंसनीय भएको वताए। स्थानीय हरिप्रसाद अधिकारी,बुद्धिराज अधिकारी,ईश्वरराज भण्डारी लगायतले तालका साथै बाराही मन्दिरको महत्वमा जोड दिएका थिए । नेपाली लेखक संघ गण्डकीका अध्यक्ष डा ईश्वरमणि अधिकारी, कवि शिव त्रिपाठी ,श्रीराम अधिकारी गोर्जे, प्रेमकुमारी कुइकेल,ऋषिकेश बराल,निर्मला पौडेल,सावित्री गिरी,बसन्तमोहन भट्टराई लगायत २६ जना कवि कवयत्रीहरुले रचना वाचन गरेका थिए। कार्यक्रम सचिव उदिपराज ढुंगानाले सञ्चालन गरेका थिए।

# उपनिर्वाचन ...

आयोगको सूचना प्रणलीमा प्रविष्ट हुने क्रम जारी रहेको छ भने मतदानस्थलबाट मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका ढुवानी भइरहेकाछन् । त्यस्तै, हालसम्मको विवरणअनुसार इलाममा करिब ५८ प्रतिशत र बझाङमा करिब ५० प्रतिशत मतदान भएको विज्ञप्तिमा उल्लेख छ । यसअघि विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा इलामको सोही निर्वाचन क्षेत्रमा ५९ दशमलव७८ प्रतिशत र बझाङको सोही क्षेत्रमा ५२ दशमलब ९८ प्रतिशत मतदान भएको पनि आयोगले विज्ञप्तिमा उल्लेख गरेको छ । निर्वाचन आयोगले शनिबार सम्पन्न भएको उपनिर्वाचनअन्तर्गत बझाङ जिल्ला साइपाल गाउँपालिकाको ३ स्थानको मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट जिल्ला सदरमुकाम चैनपुरमासम्म ल्याउन लागिएको जनाएको छ।

निर्वाचन आयोगले आवश्यक सबै साधनबाट यही वैशाख १६ गते बिहान १०:०० बजेभित्र ढुवानी भइसक्ने गरी व्यवस्था मिलाएको जनाएको छ । मतपेटिका मतगणना स्थलमा ल्याइसकेपछि लगत्तै प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ र मतगणनासम्बन्धी आयोगबाट भएको निर्देशन बमोजिम मतगणना प्रारम्भ गरिने आयोगले जनाएको छ।

# बागलुङबाट पोखरा आउँदै गरेको बस दुर्घटना, १९ घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

बागलुङबाट पोखरा आउँदै गरेको बस शनिबार साँझ पोखरा महानगरपालिका-२५ हेमजाको भोटे क्याम्पमा दुर्घटना भएको छ।

ग१ख ९२९७ नम्बरको बस मध्यपहाडी राजमार्गमा सडकमा अनियन्त्रित भई दुर्घटना हुँदा १९ यात्रु घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त शर्माले जानकारी दिनुभयो । बसमा ३६ जना यात्रु सवार रहेको प्रहरीको भनाइ छ। घाइतेलाई पोखराका विभिन्न अस्पतालमा उपचारका लागि लगिएको र दुर्घटनाको थप विवरण आउन बाँकी रहेको शर्माले जानकारी दिनुभयो। "घाइतेलाई उद्धार गरी पोखराका विभिन्न अस्पतालमा पुर्‍याइएको छ । चालकलाई प्रहरीको नियन्त्रणमा लिएका छौँ, थप विवरण आउन बाँकी छ", शर्माले भन्नुभयो। तनहुँबाट रिजर्भका लागि बागलुङ गएको बस पोखरा हुँदै तनहुँ फर्किने क्रममा साँझ ७:३० बजेतिर दुर्घटनामा परेको थियो।


## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपाय:**

- ◆ बिजुली चम्केको बेला सतर्क रहने,
- ◆ विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- ◆ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- ◆ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- ◆ खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- ◆ सकभर अग्लो स्थानमा नबस्ने,
- ◆ धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# डढेलोले जंगल सखाप

वैशाख लागेयता देशभर आगलागी र डढेलो भयावह बनेको छ । गत वर्षको तुलनामा क्षति पनि दोब्बरले बढेको छ । शुक्रबार र शनिबार देशका दर्जनौँ ठाउँमा आगलागी भएको छ । गृह मन्त्रालयमातहतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्क (नेपाल प्रहरीले संकलन गरेको) हेर्दा १४ वैशाखसम्म देशका चार सय २६ ठाउँमा आगलागी भएको छ भने दुई सय ४३ स्थानमा डढेलो बस्ती पसेको छ । १४ दिनमा आगलागीमा परी १० जनाले ज्यान गुमाएका छन् । ४३ घाइते भएका छन् । ६ सय ६५ घरमा आगलागी हुँदा नौ सय ४४ परिवार प्रभावित/विस्थापित भएका छन् । २३ करोड ७३ लाखको भौतिक क्षति आकलन गरिएको छ ।

यसपटक महोत्तरी, सप्तरी र गुल्मीमा आगलागीका ठूला घटना भएका छन् । पाँच वर्षमा आठ हजार तीन सय ३२ घरमा आगलागी भएको छ । राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ०७६ देखि ०८० सम्म आगलागी (बस्ती पसेका डढेलोसहित) का १५ हजार तीन सय ४० घटना रेकर्ड हुँदा पाँच हजार तीन सय ४३ घर जलेर नष्ट भएका छन् । दुई हजार नौ सय ८९ घरमा क्षति पुगेको छ । पाँच वर्षमा आगलागीमा परी चार सय ७१ जनाको ज्यान गएको छ भने एक हजार नौ सय ८० जना घाइते भए । तीन हजार सात सय ४१ गोठ जलेका छन् भने आठ हजार तीन सय १३ पशुचौपाया मरेका छन् । ११ अर्ब ९८ करोड ८८ लाख ५४ हजारको क्षति आकलन गरिएको छ ।

'जब सुक्खा हुन्छ, पानी पर्दैन भने सानो चिजले पनि आगलागी हुन सक्छ । देशभरका वनजंगलमा डढेलो छ । नासाले स्याटेलाइटबाट लिएको तस्बिरका आधारमा विश्लेषण गर्दा पछिल्लो २४ घण्टामा तीन सय ७६ ठाउँमा डढेलो लागेको छ । यो कम्तीमा एक किलोमिटर क्षेत्रमा लागेको डढेलो हो । पश्चिम तराई र पहाड तथा मध्यनेपालको पहाडी क्षेत्रमा डढेलो धेरै देखिन्छ । सामुदायिक र राष्ट्रिय वन मात्र होइन, संरक्षित वन (निकुञ्ज, आरक्ष)मा पनि डढेलो छ । सबैभन्दा बढी कैलालीमा ३० ठाउँमा डढेलो लागेको छ । त्यस्तै, धेरै डढेलो लागेका जिल्लामा सल्यान र सुर्खेतमा २८–२८, बर्दियामा २५, डडेल्धुरामा २४, दाङमा २३, प्युठानमा १७, डोटीमा १५ र उदयपुरमा १३ ठाउँमा डढेलो छ । बिहीबार चार सय ४० र बुधबार चार सय ६३ ठाउँमा डढेलो थियो । वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । पछिल्लो तथ्यांक हेर्दा नेपालमा डढेलोमा मात्र (बस्तीमा भएका आगलागीबाहेक) बर्सेनि सातजनाको ज्यान जाने गरेको छ

खेतमा भारपात डढाउने नाममा होस् कि खर राम्रो हुन्छ भनेर जंगलमा आगो लगाउने होस्, मान्छेले नै गरेका हुन् । आगो फैलिन तयार भएर बसेको अवस्थामा सलाई कोरिदिँदा जंगल, बस्ती जलिरहेका छन् । यो हिउँदमा २० प्रतिशत मात्र पानी पर्‍यो, सुक्खा लम्बिएको छ । देशभर तापक्रम बढेर तराईमा त तातो हावाको लहर चलिरहेको छ । गत दुई वर्षमा डढेलो कम लागेको थियो, यसपटक जंगलमा पातपतिंगर, दाउरा थुप्रिएर बसेका थिए । जंगलमा चिस्यान कम भयो, हावाहुरी पनि चलिरहेको छ । गहुँको छ्वाली जलाउन र फोहोर डढाउन लगाइएको आगो बस्ती र जंगलमा सल्किरहेको छ । जनस्तरमा यसरी भइरहेको लापरबाहीले घर मात्र जलेका छैनन्, मान्छेकै ज्यान गइरहेको छ । खर राम्रो हुने, घाँस पलाउँछ भनेर जंगलमा आगो लगाउने, चुरोटको ठुटा फ्याँक्ने गर्दा आगलागीले विकराल रूप लिएको छ ।

देशभर २२ हजार सात सय सामुदायिक वन छन् । तर, आगो लाग्न नदिन सामुदायिक वनको भूमिका देखिएन । हरेक सामुदायिक वनले अग्निरेखा बनाएका हुन्छन् । यसले जंगलको डढेलो गाउँबस्ती पस्न दिँदैन । जंगलमा पनि ब्लक छुट्याइएको हुन्छ, एक ठाउँमा लागेको आगो अर्को ब्लकमा सल्किन पाउँदैन । तर, सामुदायिक वनले अग्निरेखा सफा (डढेलो सल्किहाले अन्यत्र नफैलियोस् भनेर पातपतिंगर डढाएर बनाइएको रेखा) गरेन । यसले जंगल सखाप भएर बस्तीमा गइरहेको छ ।

आगो लागिसकेपछि निभाउनमा स्थानीय तह अगाडि छन् । तर, आगलागी हुन नदिनका लागि माइकिङ गर्ने, सचेतना फैलाउने काम गर्नुपर्ने हो, त्यो देखिएन । यसमा प्रदेश सरकारको त भनै भूमिका देखिएको छैन । आगलागीको प्रक्षेपण भइसकेपछि संघ सरकारले पूर्वतयारी गर्नुपर्थ्यो, गरेन । देशभर आगलागी, डढेलो लाग्न थालेपछि गृह प्रशासन र जिल्ला प्रशासनले सुरक्षाकर्मी परिचालन गर्नुपर्दथ्यो । अटेरी गर्ने, आगो लगाउनेलाई पक्रेर कारबाही गर्ने अभियान नै थालेको भए जनस्तरको लापरबाही कम हुन्थ्यो । प्रशासनले एक्सन लिएमा डराउँथे, तर यसप्रति ध्यान गएन । ठूलो क्षेत्रमा डढेलो, बस्ती नै सखाप हुने गरी आगलागी भइरहेको छ । दमकल प्रयोग गर्दा पनि निभाउन दिनभर लागिरहेको छ । यस्ता ठूला आगलागी भएका क्षेत्रमा सरकारले हेलिकोप्टरको बकेटमार्फत पनि आगो निभाउनुपर्ने हो । डढेलो बस्तीमा जानबाट रोक्न सकिन्थ्यो । यसमा सरकारले मतलब गरेको छैन । आगो लागिसकेपछि सुरक्षाकर्मी निभाउन जान्छन्, यथोचित उपकरण नहुँदा ज्यान गुमाउनुपरेको छ । डोल्पामा तीन सैनिकको ज्यान गयो । स्थानीय तहले आगो निभाउन पठाइन्छ तर सुरक्षाको कमजोर व्यवस्थमा सुधार गरेर मात्र नियन्त्रण गर्न सकिन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाव |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हरियाली बढाउन वर्ष पैसठ्ठी हजार बिरुवा वितरण गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, १५ वैशाख

हरियाली बढाउन यहाँस्थित जिल्ला डिभिजन वन कार्यालयले ६५ हजार बिरुवा निःशुल्क वितरण गर्ने भएको छ । कार्यालयले आफ्नो नर्सरीमा हुर्काएका बिरुवा किसानलाई वितरण गर्न लागेको हो ।

उत्पादित तयारी बिरुवा असारको तेस्रो सातादेखि वितरण गर्ने कार्यालयको योजना छ । विगतको तुलनामा यस वर्ष थोरै बिरुवा हुर्काइएका छन् । वन कार्यालयको नर्सरीमा तीस हजार डाले घाँसका बिरुवा उत्पादन गरिएका वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । राइखनियो, डुम्री, बडहर, बकाइनो, टाँकीका बिरुवा अधिक छन् । हरियाली वृद्धिका साथै पशुपालन किसानलाई लक्षित गरी डाले घाँसलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो । नर्सरीमा हुर्काइएका बिरुवामध्ये जडीबुटीतर्फ शितल चिनी, हर्रो, बर्रो, तेजपात, बेल, अमला, श्रीखण्ड रहेका छन् भने सौन्दर्यमूलकमा कपूर, अशोका, धूपीलगायत छन् ।

"पछिल्ला समय पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएकाले बर्सेनि डाले घाँसका बिरुवा उत्पादन गरी वितरण गर्दै आएका छौँ", अधिकृत श्रेष्ठले भन्नुभयो, "प्रदेश सरकारबाट बजेट कम विनियोजन भएका कारण यस वर्ष थोरै बिरुवा उत्पादन गरिएको हो ।" चार वर्षअघि दश लाख, तीन वर्ष अघि आठ लाख, दुई वर्षअघि छ लाख २५ हजार र गत वर्ष एक लाख बढी बिरुवा उत्पादन गरी निःशुल्क वितरण गरिएको थियो ।

# पोखरा स्पोर्ट्स अवार्डको तयारीमा तीव्रता, सहयोग आउनेक्रम जारी

पोखरापत्र संवाददाता
पोखरा, १५ वैशाख



आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' को मिति नजिकिदै गर्दा तयारीमा तीव्रता दिन थालिएको छ ।

अवार्ड कार्यक्रम भव्य बनाउन मुल आयोजक समिति सहित तेह्र वटै विभिन्न उपसमिति मार्फत एकसाथ तयारीलाई अगाडि बढाइएको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले जानकारी दिए । 'अवार्डको तयारी तीव्र बनाइएको छ, अब अवार्ड कार्यक्रमको विस्तृत जानकारी सहित चार विधाको नोमिनेसन सार्वजनिक गर्ने अन्तिम तयारीमा छौं' उनले भने । अवार्ड कार्यक्रमलाई सहयोग गर्नेहरु समेत थपिदै गएका छन् । शनिबार अवार्ड कार्यक्रमको लागि मुस्ताङ गल्फकोर्षले ११ हजार रुपैयाँ सहयोग गरेको छ । सहयोग रकम मुस्ताङ गल्फकोर्षका सञ्चालक इन्द्रधारा विष्टले मञ्च अध्यक्ष बराललाई हस्तान्तरण गरेका हुन् । यसैगरी श्रीसिक्स इन्जिनियर रेजिमेंट एण्ड क्यूजिईका संयोजक क्याप्टेन कृष्ण पुनले १० हजार रुपैयाँ सहयोग गरेका छन् । पुनले सहयोग रकम सहारा क्लबका पूर्व अध्यक्ष विक्रम थकाली, अन्तराष्ट्रिय समन्वय उपसमिति सह-संयोजक सुर्दशन रञ्जितको उपस्थितिमा अध्यक्ष बराललाई हस्तान्तरण गरेको मञ्चका महासचिव राजाराम पौडेलले जनाए । अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने प्रचार प्रसार उपसमितिका संयोजक समेत रहेका महासचिव पौडेलले बताए ।

बैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन् । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मफ्रेरी रिर्सोट एण्ड स्पा रहेको छ ।

यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., सहारा क्लब पोखरा, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, केसी ग्रुप, मादी गाउँपालिका, रुपा गाउँपालिका, गुरुङ हर्बल व्युटी पार्लर लगायत रहेका छन् । थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ ।

# बन्दीपुरमा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, १५ वैशाख

बन्दीपुर गाउँपालिकामा 'मुख्यमन्त्री नवप्रवर्तन' कार्यक्रम सुरु गरिएको छ । उक्त कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्द्धनको काम गर्न गण्डकी प्रदेश सरकारले गाउँपालिकालाई परिपत्र गरेको छ ।

'पहाडकी रानी' उपनाउँले परिचित यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भौतिक संरचना निर्माण गर्न लागेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । गत माघ २६ गते गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालय पोखरा र गाउँपालिकाबीच सम्झौता भएको थियो । उहाँले भन्नुभयो, "प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा यस क्षेत्रका पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरी काम गर्न लागेका हौं ।"

मुख्यमन्त्री कार्यालय पोखराबाट रु ७५ लाख र गाउँपालिकाबाट रु २८ लाख ९५ हजार तीन सय गरी कूल एक करोड तीन लाख ९५ हजार तीन सय बजेट विनियोजन गरिएको छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि नमुना कार्यक्रमअन्तर्गत ' कल्चर', 'एडभेन्चर' र 'नेचर' गरी तीन क्षेत्रमा कार्यक्रम गरिनेछ । उहाँका अनुसार चालु आर्थिक वर्षको असार १५ गतेभित्र काम सम्पन्न गर्नुपर्नेछ ।

गाउँपालिका-१, २ र ४ मा पर्यटन प्रवर्द्धनका काम गरिनेछ । अध्यक्ष थापाले विशेषगरी बन्दीपुरबाट सिद्धगुफा जाने बाटोमा सिँढी निर्माण कार्यलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो । एसियाकै ठूलो दाबी गरिएको यस गुफा हेर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन् । बन्दीपुर क्षेत्रमा सौन्दर्यीकरणका काम गरिनेछ । बन्दीपुर बजार क्षेत्रमा फूलसहितको गमला राखेर सुन्दर र आकर्षण क्षेत्र बनाउने योजना छ । 'मुख्यमन्त्री नवप्रवर्तन' कार्यक्रम अन्तर्गत सत्तल, पाटी पौवा, रकक्लाइम्बिङ निर्माण, डिजिटल डिस्प्ले सञ्चालन, क्षमता विकासका कार्यक्रम सञ्चालन, कलासंस्कृति संरक्षण, पर्यटकीयस्थलको प्रवर्द्धन कार्यक्रम, वृत्तचित्र, सार्वजनिकस्थलमा शौचालय निर्माणलगायतका कार्यक्रम गरिनेछ ।

# पूर्वी खण्डमा ५६, पश्चिम खण्डमा २३ प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
तनहुँ, १५ वैशाख

मुग्लिन पोखरा सडक विस्तार योजनाअन्तर्गत पूर्वीखण्डमा ५६ र पश्चिमखण्डमा २३ प्रतिशत प्रगति भएको छ । पूर्वीखण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्मको पूर्वीखण्डमा ५६ र जामुनेदेखि पोखरासम्मको पश्चिम खण्डमा २३ प्रतिशत प्रगति भएको आयोजना जानकारी दिनुभयो । पाण्डेका अनुसार आयोजनाअन्तर्गत पूर्वीखण्डको निर्माणको म्याद गत वैशाख २ गतेसकिएको छ भने पश्चिम खण्डको म्याद चार महिना बाँकी छ । विविध कारणले काममा ढिलाइ भए पनि केही समयका लागि म्याद गर्ने तयारीका साथ आयोजनाका बाँकी कामलाई निरन्तरता दिइएको पाण्डेको भनाइ छ । यो खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरुभएको थियो । पूर्वीखण्डमानिर्माणको काम चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले गरिरहेकोछ ।

सो खण्डअन्तर्गत आँबुखैरेनी, बन्दीपुर, व्यासका विभिन्न ठाउँमा गरी १८ किलोमिटर दुईतर्फी र नौ किलोमिटर एकतर्फी सडक कालोपत्र भइसकेको छ ।

पश्चिम खण्डको जामुनेदेखि पोखरासम्मको ३८ किलोमिटर दूरीमध्ये हालसम्म नौ किलोमिटर एकतर्फी कालोपत्र सकिएको र यस अण्डमा २० किलोमिटर सडक छ लेनको हुने इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पश्चिमखण्डका तनहुँको म्याग्देखोला, कुम्लेखोला, कोत्रेको सेती नदी र विजयपुलमा प्रिकाष्ट प्रविधिबाट पुल निर्माणको काम अगाडी बढाइएको छ । यस खण्डमा निर्माण अवधि विसं २०८१ भदौ १२ गतेसम्म छ । यो खण्डमा निर्माणको काम चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले गरिहेरको छ ।

# रुसी सेनामा भर्ति भएका तनहुँका नौ युवा अझै सम्पर्कविहीन

पोखरापत्र संवाददाता
तनहुँ, १५ वैशाख

रुसी सेनामा भर्ति भएका यहाँका नौ युवा अझै परिवारको सम्पर्कमा नआएपछि परिवारजन शोक र चिन्तामा परेका छन् ।

स्वदेशमा केही गर्ने विकल्प नभएपछि रुसी सेनामा भर्ती भएका आफ्ना सन्तान सम्पर्कविहीन भएपछि अभिभावक लगायतका परिवार चिन्तामा परेका हुन् ।

धन कमाएर सुखले पाल्छु भन्ने सपना देखाएर रुसी सेनामा भर्ती भएको छोरा विगत चार महिनादेखि सम्पर्कविहीन भएपछि दिनरातै रोएर बित्ने गरेको व्यास नगरपालिका-९ मा रहनुभएकी आमाले बताउनुभयो । "रुसी सेनामा भर्ती भएको छोराले सुम्मा चिन्ता नगर्न भनेको थियो", नाम गोप्य राखिदिन आग्रह गर्दै आमाले भन्नुभयो, "छोरा सम्पर्कविहीन भएपछि शोकले सुत्न पनि सकिएको छैन ।" रुसी सेनामा भर्ती भएका आफ्ना सन्तानलाई सुरक्षित रूपमा स्वदेश ल्याइदिन पहल गर्न परिवारजनले जिल्ला प्रशासन कार्यालयमा रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत आप्रवासी स्रोत केन्द्रमा निवेदन परेको केन्द्रका परामर्शदाता गोमा तिवारीले जानकारी दिनुभयो ।

रुसी सेनामा व्यासका तीन, देवघाट गाउँपालिकाका एक, भानु नगरपालिकाका तीन, शुक्लागण्डकी नगरपालिकाका एक र म्याग्दे गाउँपालिकाका एक जना गरी नौ युवा सम्पर्कविहीन भएकाले खोजी गरि सकुशल स्वदेश फिर्ता गरि दिन माग गर्दै निवेदन परेको उहाँले बताउनुभयो । सम्पर्कविहीनहरूको खोजीका लागि कन्सुलर विभागमा व्यक्तिको आवश्यक सम्पूर्ण कागजात पठाइसकिएको केन्द्रले जनाएको छ । विचौलियामार्फत रु पाँच लाखदेखि छ लाखसम्म तिरेर ' भिजिट भिसा'मार्फत रुसी सेनामा भर्ती गराइएकोसमेत परामर्शदाता तिवारीको भनाइ छ ।

केन्द्रका जिल्ला संयोजक लुना रानाले तनहुँबाट अन्य व्यक्तिसमेत रुसी सेनामा भर्ती भएको हुनसक्ने आकलन गरिएको बताउनुभयो । नेपाल सरकारले रुसी सेनामा भर्ना हुन प्रतिबन्ध लगाएकाले निवेदन दिनेको सङ्ख्या न्यून रहेकोसमेत उहाँको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालयले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन राहदानी बनाउन आएका सबैलाई अनिवार्य रूपमा परामर्श लिने व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताउनुभयो । वैदेशिक रोजगारीका क्रममा कसैले पनि ठग्न नसकुन् भनेर आफूहरूले अनिवार्य रूपमा परामर्श सेवा सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

"रुसी सेनामा भर्ति भएकाको खोजी गरिदिन निवेदन परेको छ", प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले भन्नुभयो, "हामीले आफ्नो स्थानबाट सकुशल फिर्ता गर्न आवश्यक पहल गरेका छौं, तर राज्यले बन्देज लगाएको र जानकारी नभएका देशहरूमा कसैलाई पनि नजान अनुरोध गरेका छौं ।"

# बागलुङ कालिका मन्दिरमा चैते दसैँमा ४० लाख भेटी सङ्कलन

पोखरापत्र संवाददाता
बागलुङ, १५ वैशाख

गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपीठका रूपमा रहेको बागलुङ कालिका मन्दिरमा चैते दसैँको अवसरमा रु ४० लाख भेटी सङ्कलन भएको छ ।

कालिका मन्दिरमा बडादसैँ र चैते दसैँमा सबैभन्दा बढी भेटी सङ्कलन हुँदै आएको छ । कालिका मन्दिरमा यस पटकको चैते दसैँ (नवरात्री) को अवसरमा रु ४० लाख ७२ हजार पाँच सय ५८ भेटी सङ्कलन भएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । खड्काका अनुसार गत वर्षको चैते दसैँको अवसरमा सङ्कलित भेटीको तुलनामा यस पटक रु ११ लाख कम भेटी सङ्कलन भएको छ । गत वर्षको चैते दसैँको अवसरमा रु ५१ लाख भेटी सङ्कलन भएको थियो । नवरात्र सुरु भएपछि चैते दसैँ अवधिभर पाँच लाखभन्दा बढी दर्शनार्थीले कालिका मन्दिर दर्शन गरेका थिए । उनीहरूले चढाएको भेटी, नगद सहयोग, बलि लगायतबाट उक्त रकम भेटी चढाएका छन् ।

चैते दसैँको अवसरमा कालिका भगवती मन्दिरमा यस पटक बलिको सङ्ख्या घटेकाले अघिल्लो चैते दसैँको तुलनामा रु ११ लाख कम भेटी सङ्कलन भएको खड्काको भनाइ छ । "यस पटकको चैते दसैँमा दर्शनार्थी बढेको तर बलि घटेको पाइएको छ, बलि घट्नासाथ भेटीमा कमी आएको हो, तर धार्मिक पर्यटकको सङ्ख्या क्रमशः बढ्दै आएको हामीले पाएका छौं, चैते दसैँमा पाँच लाख भन्दा बढी धार्मिक पर्यटक मन्दिरमा आएका छन्", खड्काले भन्नुभयो "चैते दसैँको नवरात्र अवधिभरमा सबैभन्दा बढी भेटी चैत्राष्टमी (चैते दसैँ)को दिनमा रु नौ लाख १८ हजार भेटी सङ्कलन भएको छ ।" मन्दिर आसपासमा रहेका सटरबाट मन्दिरले मासिक रु तीन लाख १४ हजार भाडा असुल गर्दै आएको छ ।

त्यसबाहेक मन्दिरमा चढाइने अक्षता, बोका तथा कुखुराको टाउकोबाट पनि कमाइ हुने गरेको छ । परेवा उडाउनेले तिर्ने शुल्क, विवाह र व्रतबन्ध शुल्क, मन्दिरमा आउने पण्डितले बुझाउने दस्तुरसमेतबाट आम्दानी जोडिने गरिएको मन्दिर व्यवस्थापन समितिका सचिव निशान खड्काले जानकारी दिनुभयो ।

